UNITED NATIONS MISSION
IN NEPAL

UNMIN

नेपालस्थित संयुक्त
राष्ट्रसंघीय मिसन

# प्रेस विज्ञप्ति

## पश्चिम नेपालमा हातहतियारको दर्ता र भण्डारण कार्य समाप्त

### २७ माघ, २०६३

राष्ट्र संघीय अनुगमनकर्ताहरु द्वारा नेपालको पश्चिम भागको हातहतियार भण्डारण र दर्ताको काम समाप्त भएको छ। यो कुरा नेपालस्थित महा-सचिवका विशेष प्रतिनिधि ईयान मार्टिनले शुक्रवार आफ्नो कैलाली र सुर्खेतस्थित जनमुक्ति सेनाको शिविरस्थलहरुको भ्रमण पछि पुष्टि गरे।

सातौं मुख्य शिवीरस्थलमा अन्तिम करिव सय जना लडाकुहरुको समूहको हात हतियारको दर्ता र भण्डारण कार्य भइरहेकै बेला मार्टिन कैलाली पुगेका थिए। त्यहाँ उनलाई वरिष्ठ राष्ट्र संघीय हात हतियार अनुगमनकर्ता जनरल जान एरिक विल्हेलम्सेनले भेटेका थिए।

सरकार र नेकपा (माओवादी) बिचको संझौता अनुरुप हातहतियारलाई कार्गो कन्टेनरहरु भित्र तख्ताहरुमा भण्डारण गरिनु अगाडि दर्ता टोलीहरुले हातहतियारको क्याटलग गर्ने र बार कोड गर्ने काम गरेका थिए। यी कन्टेनरहरुमा ताला लगाउने र चौविसै घण्टा राष्ट्र संघले अनुगमन गर्ने गरिन्छ।

सुर्खेतको हातहतियार भण्डारण कार्य  विहिवार नै पूरा भएको थियो। मार्टिन त्यहाँ अपरान्ह पुगेका थिए।

कैलालीमा मार्टिनलाई जनमुक्ति सेनाका कमाण्डर प्रज्वलले र सुर्खेतमा कमाण्डर प्रतीकले स्वागत गरेका थिए भने दुवै जनाले शिविरहरुमा त्यहाँका अपर्याप्त भौतिक पूर्वाधारहरु बारेका गुनासाहरु पोखे।

"पूर्वका दुईवटास्थलहरुमा बाहेक हातहतियारहरुको दर्ता र भण्डारणको कार्य अब सकिँदै छ। शान्ति प्रक्रियामा यो एउटा महत्वपूर्ण कडी हो। तर शिविरहरुको व्यवस्थापनको अवस्था निकै पछि परेको छ। म यि सवालहरु बारे सरकार संग कुरा उठाउन चाहन्छु ,"मार्टिनले भने।

मार्टिनको डेलिगेशनमा राष्ट्र संघीय डिस्पोजल अफ माईन्स, ईम्प्रोभाईज्ड एक्सप्लोसिभ डिभाईसेस र अन एक्सप्लोडेड अर्डनान्सका दुईजना विशेषज्ञहरु पनि थिए। उनिसंग ईन्टरिम टास्क फोर्स (आई टि एफ) का कमाण्डर बि. बि. गुरुङ पनि थिए। आई टि एफ मा नेपाली भूतपुर्व भारतिय सैनिक र बृटिश सैनिकहरु छन्। उनिहरुले राष्ट्र संघीय मिसन अन्मिनका सबैजना नेपाल नआईसकेको अवस्थामा राष्ट्र संघीय हातहतियार अनुगमनकर्ताहरुको अग्रिम समुहको कार्यमा सहयोग पुर्‍याउने काममा  निकै महत्वपूर्ण भूमिका निभाएका छन्।

UN House, GPO Box 107, Pulchowk, Kathmandu, Nepal, Tel : + 977-1-5010036/37/38, Fax:+977-1-5010040